**निःशुल्क मानसिक स्वास्थ्य शिविर सञ्चालन हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयको सम्बन्धमा ओखलढुङ्गा जिल्ला, सुनकोशी गाँउपालिका र करुणा फाउण्डेसन नेपालको आर्थिक सहयोगमा मिति २०८२/०९/१६ गते निःशुल्क मानसिक रोग सम्बन्धी विशेषज्ञ स्वास्थ्य शिविरको आयोजन गरिएको हुँदा सेवाग्राहीहरुले तपशिल बमोजिमको मिति, स्थान र समयमा उपस्थित भई सेवा लिनको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

**शिविरमा उपलब्ध हुने सेवा तथा परामर्शहरु :**

१. निःशुल्क उपचार साथै औषधी वितरण सेवा।
२. सानो कुरामा रिसाउनु वा व्यवहारमा परिवर्तन आउनेहरुको लागि परामर्श सेवा।
३. ध्यान केन्द्रित गर्न गाह्रो हुनु वा निर्णय गर्न नसक्नेहरुको लागि परामर्श सेवा।
४. निन्द्रामा समस्या (धेरै वा कम सुत्ने) वा खान पिनमा रुचि कम वा अत्याधिक बढि हुनेहरुको लागि परामर्श सेवा।
५. एक्लै बस्न चाहने सामाजिक सम्पर्क घटनेहरुको लागि परामर्श सेवा।
६. कारण बिनानै टाउको दुख्ने, शरीर दुख्ने वा थकान महशुस हुनेहरुको लागि परामर्श सेवा।
७. आत्माग्लानी हुनु वा आत्महत्या सम्बन्धी विचार आउनेहरुको लागि परामर्श सेवा।
८. लामो समय सम्म उदास, निरास वा चिन्तित महशुस हुनेहरुको लागि परामर्श सेवा।

**तपसिल:**

स्थान: स्वास्थ्य चौकी, सिस्नेरी, सुनकोशी गाउँपालिका वडा नं. ३, ओखलढुङ्गा
समय : बिहान ९ बजे देखि ५ बजे सम्म

..................................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत